# विरहिणी दमयन्ती

नाम : मदनमणि आचार्य दीक्षित
जन्ममिति : वि.सं. १९८३ फागुन ६ गते, गैरीधारा, काठमाडौं
मातापिता : माता: विष्णुकुमारी आचार्य
पिता: लक्ष्मणमणि आचार्य
मृत्यु : वि.सं २०६६ साल श्रावण ३० गते, काठमाडौं
शिक्षा : आध्यात्मिक पारिवारिक पृष्ठभूमिमा हुर्केको हुनाले सानै उमेरदेखि धार्मिक ग्रन्थ अध्ययनप्रति रूचि, वि.सं २००२ सालमा वाराणसी हिन्दु विश्वविद्यालयबाट हिन्दु दर्शनशास्त्र र धर्म विषयमा स्नातकोत्तर परीक्षामा दोस्रो भई उत्तीर्ण.
सहित्य यात्रा: वि.सं २०१३ सालमा रूपरेखा पत्रिकामा कसले जित्यो कसले हार्‍यो ? शीर्षकको पहिलो कथा प्रकाशन गरी ~~औपचारिक~~ औपचारीक साहित्य यात्रारम्भ
पेशा : लेखक, प्रध्यापक एवं शिक्षा र पत्रकारिताको क्षेत्रमा समेत महत्त्वपूर्ण योगदान.
विधा : कथा, उपन्यास, नाटक, निबन्ध, व्यङ्ग्य
प्रमुख कृतिहरू : कसले जित्यो कसले हार्‍यो ? (कथासङ्ग्रह. वि.सं (२०२९)
पुरस्कार : वि.सं .२०३३ सालमा माधवी उपन्यासका लागि उनलाई मदन पुरस्कार प्रदान गरिएको थियो। उनले भानुभक्त पुरस्कार, लेखनाथ साहित्य पुरस्कार, भुपालमानसिहं कार्की पुरस्कार, पद्मश्री सम्मान, राष्ट्रिय कलाश्री सम्मान, नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालयबाट राष्ट्रिय पत्रकारिता सम्मानसमेत पाएका थिए।
साहित्यिक प्रवृतिहरू : सामाजिक यथार्थवादी कथाकार
बौद्धिक एवं दार्शनिक चिन्तन भएका वरिष्ठ आख्यानकार
मानवीय शाश्वत सत्यको ~~सिर्जना~~ उद्घाटन गर्नु,

## शब्दभण्डार

३. दिइएका टुक्कालाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :

**सुइँकुच्चा ठोक्नु :** गोपालले गाउभरिका मानिसहरुको त्रृण खाएर सहरतिर राति नै सुइँकुच्चा ठोकेछ ।

**लम्पसार पर्नु :** अस्तिसम्म के के न गर्छु भनेर झगडा गरेर हिडने हरि आँज पछुताउँदै गाउँलेसामु लम्पसार परेको छ ।

**आँखा लाग्नु:** हरि र सिताको जोडीमा दैवको आँखा लागेर होला आज छुट्टिएर बसेका छन् ।

**मुख फोर्नु:** सधै सहेर बस्ने अनिताले आज सासुसामुहमुख फोरेर चोधाले बुढी अब हेपेको सहिदैन भनिन्छ ।

**तातो लाग्नु:** वर्षभरि डुलेर समय बिताएपछि परीक्षाको अघिल्लो दिन तातो लागेर के गर्नु ?

**तेल लगाउनु:** धरान जानका लागि राम बुबालाई तेल लाँउदै छ ।

**सोत्तर हुनु:** पाक्ने बेलाको मकै बादरले सोत्तर बनाएछ ।

**५. दिइएका पारिभाषिक शब्दलाई शब्दकोशीय अनुक्रममा मिलाउनुहोस् र शब्दकोशको सहायता लिई तिनको अर्थ पनि लेख्नुहोस् :**

**अनुक्रममा मिलाइएको:**
अधिकृत, आदेश, टिप्पणी, निलम्बन, परिपत्र, फर्सोट, बढुवा, बेरुजु, भरपाई, राजस्व, सरुवा, स्पष्टीकरण

**अधिकृत**
राजपत्राङ्कित वा सो सरहको कर्मचारी, कुनै अड्डा वा कार्यालय आदिको अधिकारप्राप्त व्यक्ति

**आदेश**
कुनै काम कारबाईका बारेमा मन्त्री वा उच्च अधिकारीबाट दिइने निकासापुकासा वा निर्णयसम्बन्धी आज्ञा

**टिप्पणी**
कठोर र गूढ अर्थको व्याख्या, टीका विशेष कुरा सम्झाउन लेखिने सानो लेख

**निलम्बन**
पद, अधिकार वा दायित्वबाट रोक्का

**परिपत्र**
विचार, सूचना, जानकारी आदिका निम्ति सम्बन्धित व्यक्ति, संस्था वा विभागलाई एकै बेहोरामा पठाइने आधिकारिक पत्र

**फर्स्योट**
लेनदेन वा खरिदबिक्रीसम्बन्धी हरहिसाब चुक्ता गर्ने काम, छिनाफाना

**बढुवा**
तल्लो पदबाट माथिल्लो पदमा वृद्धि हुने काम, पदोन्नती

**बेरुजु**
रुजु गर्दा नमिलेको, रुजु नगरिएको वा नभएको

**भरपाई**
कसैले अरुबाट कुनै वस्तु बुझी लिएको प्रमाणको रसिद

**राजस्व**
मालपोत, भन्सारमहसुल, विभिन्न कर वा शुल्क आदिका रूपमा राज्यलाई प्राप्त हुने धन

**सरुवा**
सङ्क्रामक, सर्ने किसिमको

**स्पष्टीकरण**
छर्लङ्ग नभएका कुरालाई छर्लङ्ग पार्ने काम

## बोध र अभिव्यक्ति

**५. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) 'मानिसको परिचय शरीरले भन्दा पनि उसको मस्तिष्क र हृदयले दिन्छ' भन्नुको तात्पर्य के हो ?**
मनिषको शरीर एक परिवर्तित मुलक वस्तु हो । आज अत्येन्त सुन्दर भएको शरीर भोलि कुरूप हुन पनि सक्छ । मानिसको परिचय उसको शरीर अर्थात् रूपसँग हुँदैन । मानिसको विचार, हृदय सही, सफा हुनु पर्छ । विचार र हृदय सफा भएको व्यक्ति नै असल र महान् हो । दमयन्तीले आफ्नो रूपलाई विकृत बनाए पनि उनको विचार र हृदय सफा थियो । अतः मानिस बाहिरी बोक्रे रूपले नभएर आन्तरिक गुणले उसको परिचय दिलाउँछ भन्नु नै माथिको भनाईको तात्पर्य हो ।

**(ख) दमयन्तीले आफ्नो रूप किन बदलेकी हुन् ?**
दमयन्तीले नागयुवकजस्ता खराब चरित्रबाट उम्केर भाग्न सफल भएपछि पुनः त्यस्ता व्यक्तिबाट बलजफ्ती गर्न नपाओस्, त्यस्ता कुनैले देखिहाल्यो भने पनि कुरूप र बौलाही ठानेर त्यस्ताले आक्रमण नगरुन् भन्ने विचारले दमयन्तीले आफ्नो रुप वदलेकी हुन् । अतः दमयन्तीले दानवीय प्रवृत्ति भएका विवेकहीन कामुक, दुष्ट प्रवृत्ति भएका तत्ववाट आफ्नो सुरक्षार्थ आफ्नो रुप वदलेकी हुन् ।

**६. दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

**(क) माथिको अनुच्छेदमा कस्तो परिवेशको चित्रण गरिएको छ ?**
माथिको अनुच्छेदमा रातीको समयको कालोनिलो आकाशमा विभिन्न तारामण्डलहरूको मनमोहक परिवेश चित्रण गरिएको छ । प्रकृतिको सुन्दर दृश्यले दमयन्तीको सोचलाई सङ्गीतमय बनाएको छ । अतः माथिको अनुच्छेदमा अपूर्व रात्रीकालीन सुन्दर परिवेशका

साथै विक्षिप्त मानसिक परिवेशको बेजोड चित्रण गरिएको छ ।

**(ख) आकाश र दमयन्तीको हृदयका बिच के समानता छ ?**

आकाश र दमयन्ती दुबैको हृदय सुन्दर छ । पातला बादले सुन्दर आकाशलाई धूमिल बनाए जस्तै दमयन्तीको हृदय पनि पीडा र वेदनाले धूमिल बनेएको छ । यसरी आकाश र दमयन्तीको हृदयका बिच धेरै समानता छ ।

**७. समीक्षात्मक उत्तर लेख्नुहोस् :**

**(ख) दमयन्तीले आफ्नो जीवनमा आइपरेका समस्याको समाधानका लागि कुन कुन उपाय अवलम्बन गरेकी छन् ?**

बौद्धिक एवं दार्शनिक चिन्तन भएका वरिष्ठ आख्यानकार मदनमणि दिक्षित (वि. सं. १९७८-२०७६) द्वारा रचित 'विरहिणी दमयन्ती' पौराणिक विषयवस्तुमा आधारित नारीप्रधान कथा हो । यस कथामा पतिवियोगको पीडा र व्यथामा आधारित यात्रा वर्णन गरिएको छ । दमयन्तीको जीवनमा सङ्कट, दुःख र विपत्तिको जतिसुकै चक्रवात मडारिए पनि इज्जत र चरित्रका सुन्दर आभूषण पहिरिएर आफ्नो प्रेम प्राप्तिका लागि जस्तोसुकै प्रतिकूल अवस्थामा पनि सतिसालझैँ अविचलित हृदयका साथ विघ्नबाधालाई चिर्दै साहसी यात्रामा उनि अगाडि बढेकी छिन् ।

कर्कोटक नाघहरुको घनघोर जङ्गलको छाप्रोमा छोडेर पति नल हिँडेपछि दमयन्ती आफ्ना प्राणप्रिय पतिलाई खोज्न हिँड्छिन् । पीपलको फेदमा निद्रालीन अवस्थामा तर्सेर व्युइँदा कामुक कर्कोटक नागयुवकले जबरजस्ती बोकेर आफ्नो छाप्रोमा लैजाँदा ठुलो समस्यामा पर्छिन् । नागयुवकसँग प्रेमपूर्वक उपस्थित भएर मदिरामा मस्त बनाएर झुपडीमा आगो लगाएर भाग्न सफल हुन्छिन् । तीन दिनसम्म जङ्गलमा विह्वल हुँदै हिँडेकी दमयन्ती निषाद र नागको वस्ती देख्दा कुरुप र वौलाही ठानी पुनः कसैको आक्रमण नहोस् भनी विकृत रुप बनाई पतिकै खोजीमा अगाडि बढ्छिन् । सार्थवाह शुचिभद्रसँग भेट भएपछि सँगै तलाउमा बास बस्दा हात्तीको आक्रमणबाट पनि उनी बाँच्न सफल हुन्छिन् । त्यसपछि पति प्राप्तिको अभीष्ट लक्ष्य प्राप्तिका लागि उनी चेदी जनपदतर्फ लाग्छिन् । आफूलाई चेदीराज सुवाहु र ठुलीआमा रानी सुनन्दाले नचिनुन् कुनै अप्ठ्यारो समस्या कोल्न नपरोस् भनी भनी भेष बदली सुनन्दाकी छोरीकी सुसारे सैरन्ध्री वनी पति फेला पारी छाड्ने अठोट गर्छिन् ।

अन्ततः दमयन्तीले आइपरेका समस्याहरुलाई समाधान गर्नका जुक्ति बुद्धि लगाएर समय र

परिस्थिथिअनुसार चलाखीपूर्ण तरिकाले वललाई बुद्धिले पछारेकी मात्र छैनन् भवितब्य समस्याको समेत मध्यनजर राखी दूरदष्टिका साथ विभिन्न उपायहरु अवलम्बन गरेकी छन् ।

**८. तलको अनुछेद पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस :**

**(क) किन मनलाई कल्पनाको कारक मानिएको हो ?**
संसारको कल्पना गर्ने एक मात्र इन्द्रिय भएकाले मनलाई कल्पनाको कारक मानिएको हो ।

**(ख) मन नित्य परिवर्तनशील छ भन्नुको तात्पर्य के हो ?**
मन नित्य परिवर्तनशील छ भन्नुको तात्पर्य मन कहिल्यै पनि अस्थिर र एकनासको हुदैन हो ।

**(ग) आत्मज्ञानीहरूका विचारमा मन र संसारको सम्वन्ध कस्तो छ ?**
आत्मज्ञानीहरूका विचारमा संसार भएमा मात्र मन हुने र मन भए मात्र संसार हुने भएकाले मन र संसारको सम्बन्ध घनिष्ठ रहेको छ ।

**(घ) मनलाई किन सुख र दुःखको कारण भनिएको हो ?**
मानिसलाई सुख र दुःखको अनुभव गराउने मुख्य कार्य नै मनको भएकाले मनलाई सुख र दुःखको कारण भनिएको हो ।